# सहिदभूमि राजपत्र

सहिदभूमि गाउँ कार्यपालिकाद्वारा प्रकाशित


खण्ड-१, सङ्ख्या-१ सहिदभूमि राजपत्र, मिति : २०७५/०७/२५

भाग-१

सहिदभूमि गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

## प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

स्वीकृत मिति : २०७५/०१/२३

प्रस्तावना :

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सहिदभूमि गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन सहिदभूमि गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुने छ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "ऐन" भन्नाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ सम्झनुपर्छ।

ख) "कार्यपालिका" भन्नाले सहिदभूमि गाउपालिकाको कार्यपालिका सम्झनुपर्छ।

ग) "गाउँपालिका" भन्नाले सहिदभूमि गाउपालिका सम्झनुपर्छ।

घ) "सभा" भन्नाले सहिदभूमि गाउँसभा सम्झनुपर्छ।

ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

३. **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारीपूर्वक निर्वाह गर्न अपनाउनुपर्ने कार्यविधि नियमित गर्नका निमित्त सहिदभूमि गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्ने छ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा सङ्घीय तथा प्रदेश कानुनबमोजिम स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने विषयमा मात्र बनाउनुपर्ने छ।

४. **<u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :</u>** (१) संविधान, ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमावलीको अधीनमा रही सहिदभूमि गाउँकार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्ने छ।

आज्ञाले :

सुवर्ण घिमिरे

प्रमुख प्रशासकीय अधिकृत